# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद सिग्देल, किर्तिराज सुवेदी र विनोद राउत बरै<br>मु.नं (०८०-CR-००५७)<br>फैसला मिति २०८१/०१/३१ | राजस्व चुहावट गरी भ्रष्टाचार गरेको। | • **चन्द्रपुर नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत प्रतिवादी कृष्ण प्रसाद सिग्देल र लेखा अधिकृत/राजस्व शाखा प्रमुख प्रतिवादी किर्तिराज सुवेदीको हकमाः** बिगो रु.५५,०२,१९८।०६ कायम गरी निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा सो दफा ७ ले निर्दिष्ट गरे बमोजिम उक्त ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैदको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रु.५५,०२,१९८।०६ को दोब्बर जरिबाना हुन,<br>• **आशिक कन्स्ट्रक्सन का सञ्चालक प्रतिवादी राम विनोद राउत बरैको हकमाः** अन्य प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देलसमेत सँग मिलेमतो गरी हिनामिना भएको राजस्व रकम आफुले लिन खानको लागि मतियार भएको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरजन्य कार्यको सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसुरमा सो दफा २२ को प्रतिवन्धात्माक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन,<br>• **चन्द्रपुर नगरपालिकाको तत्कालीन नगर प्रमुख प्रतिवादी रामचन्द्र चौधरीको हकमाः** निज प्रतिवादीले कानुन विपरीत पाँच वटा स्काभेटर प्रयोग गर्न दिएको कारणबाट नै छोटो समयमा ठेक्का सम्झौतामा तोकिएको परिमाण भन्दा थप बढी परिमाण १८,३१२.३० घन मिटर नदीजन्य पदार्थ उत्खनन् भएको पुष्टि भएकोले बढी उत्खनन् गरिएको नदीजन्य पदार्थको हुने रु.३३,०४,६००।०५ र सो रकमको मूल्य अभिवृद्धि करको रु.४,२९,५९८।०७ गरी जम्मा रु.३७,३४,१९८।०६ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा सो दफा ७ ले निर्दिष्ट गरे बमोजिम उक्त ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम | • मिसल संलग्न कागज प्रमाणबाट चन्द्रपुर नगरपालिकाको तत्कालीन नगर प्रमुख प्रतिवादी रामचन्द्र चौधरीले आरोप दावीको कसूर गरेको पुष्टि भएकोले जम्मा रु.३७,३४,१९८।०६ बिगो कायम गरी सो को दोब्बर जरिबानामा दामासाहीले जम्मा रु.३७,३४,१९८।०६ जरिवाना र चार वर्ष कैद सजाय हुने,<br>• आशिक कन्स्ट्रक्सनका सञ्चालक प्रतिवादी राम विनोद राउत बरैले ठेक्का सम्झौता गर्दा दाखिल गर्नुपर्ने रु.१७,६८,०००।- नगद तथा बैंक जमानत असुल गर्न नगरपालिकाबाट कारवाही चलाएको तथा यी प्रतिवादीले उक्त रकम तिर्ने प्रतिवद्दता समेत गरेको देखिएकोले आरोप दाबी बमोजिमको ठेक्का सम्झौता गर्दा दाखिल गर्नुपर्ने राजश्व दाखिला नगरेको भन्ने तर्फको आरोप दावी पुग्न सक्दैन । साथै, ठेक्का सम्झौतामा तोकीएको भन्दा थप परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरी आरोप दावी बमोजिमको मतियारको कसूर गरेको पुष्टि भएकोले जम्मा थप उत्खनन तर्फको विगो दावीको रु.३७,३४,१९८।०६ बिगो कायम गरी सो को दोब्बर जरिवानामा दामासाहीले जम्मा रु.३७,३४,१९८।०६ जरिवाना र चार वर्ष कैद सजाय हुने ।<br>• यी प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देल र किर्तिराज सुवेदीले ठेक्का सम्झौता गर्दा लिनुपर्ने रु.१७,६८,०००।- नगद तथा बैंक जमानत पेस नलिई राजस्व चुहावट गरेको भन्ने दाबी भएकोमा सम्झौता गर्दा लिनुपर्ने रकम मध्ये रु.७,००,०००।- असुली भएको र बाँकी रहेको रु.१७,६८,०००।- रकम समेत असुल गर्न नगरपालिकाबाट कारवाही चलाएको देखिन आएको अवस्थामा सो विषयमा यी प्रतिवादीहरुले आरोप दाबी | • **प्रतिवादी रामचन्द्र चौधरीललाई आरोप दावीको कसूरमा जम्मा विगो रु.३७,३४,१९८।०६ कायम गरी सो को दोब्बर जरिवाना हुन दावी लिईएकोमा उक्त विगोको दोब्बर जरिबानालाई दामासाहीले हुने जम्मा रु.३७,३४,१९८।०६ जरिवाना र चार वर्ष कैद सजाय हुने ठहर गरी फैसला भएको देखिएकोले उक्त फैसला मनासिव नै देखिएकोले निजको हकमा पुनरावेदन जिकिर लिईएको छैन ।**<br>• प्रस्तुत वारदातमा चन्द्रपुर नगरपालिका, रौतहटले आ.व.२०७७/०७८ मा ठेक्का नं. १९/०७७/०७८ मा चाँदी नदीको नदीजन्य पदार्थ विक्री ठेक्कामा सबै भन्दा बढी कवोल अंक (मु.अ.क.) बाहेक रु.३६,००,०००।- गर्ने आशिक कन्स्ट्रक्सनलाई आफूले कवोल गरेको अंक रकमको ५० प्रतिशतले हुने रु.१८,००,०००।-रकम नगरपालिकाको आन्तरिक आय खातामा दाखिला गरी सोको सक्कल भौचर र वाँकी रु.१८,००,०००।- रकमको २०७८ बैसाख मसान्त सम्मको कार्य सम्पादन बैक ग्यारेटी सहित सम्झौता गर्न आउनु हुन भनि मिति २०७७।०८।१५ मा उक्त नगरपालिकाले उक्त आशिक कन्स्ट्रक्सनलाई पत्राचार गरेको देखिएको, उल्लेखित पत्र विपरित गई यी प्रतिवादीहरुको मिलेमतोमा राजश्व हिनामिना गर्न उक्त बोल कवोल अंकको ५० प्रतिशतले हुने रु.१८,००,०००।- रकमको २०७८ बैसाख मसान्त सम्मको कार्य सम्पादन बैक ग्यारेण्टी तथा सम्झौता मितिमा नै दाखिला गर्नु पर्ने रु.१८,००,०००।- मध्येको पनि रु.७,००,०००।- मात्र ठेकेदारबाट दाखिला गराई वाँकी रकम सम्झौता भएको मितिले सात दिन भित्र दाखिला गर्ने गरी २०७७ चैत्र मसान्त सम्म नदिजन्य पदार्थ संकलन, ओसारपसार र विक्री वितरण गर्ने गरी मिति २०७७।०८।२२ मा सम्झौता गरी अस्थायी भोगचलन पट्टा दिएको मिसिल संलग्न कागजातबाट देखिएको, सो पश्चात उक्त ठेकेदारबाट चन्द्रपुर नगरपालिकाको खातामा मिति २०७७/११/०४ मा रु.६,००,०००।- र मिति २०७७/११/०९ मा रु.१०,००,०००।- जम्मा गरी मूल्य अभिवृद्धि कर बाहेक कबोल रकम रु.३६,००,०००।- मध्ये रु.२३,००,०००।- बुझाई कबोल अंकको बाँकी रु.१३,००,०००।- र मूल्य अभिवृद्धि कर रु.४,६८,०००।- गरी जम्मा रु.१७,६८,०००।- राजस्व दाखिला भएको नदेखिएको समेतका आधार प्रमाणबाट उक्त ठेक्का सम्झौता बमोजिम भन्दा बढी परिमाणमा नदिजन्य पदार्थ उत्खनन् विक्री गरी लाभ प्राप्त गरिसकेको अवस्थामा समेत ठेक्का सम्झौता गर्दा नै दाखिल गर्नु गराउनु पर्ने कवोल गरेको रकम दाखिला नगरी नगराई यी प्रतिवादीहरु उक्त चन्द्रपुर नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल, लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदी र ठेकेदार राम विनोद राउत बरैले उक्त आरोप दावी बमोजिमको ठेक्का सम्झौता गर्दा दाखिल गर्नु गराउनु पर्ने राजश्व दाखिला नगरी नगराई भ्रष्टाचार गरेको कसूर निर्विवाद रुपमा पुष्टि भएकोमा नगरपालिकाबाट मिति २०८०/०३/२१ बाँकी रकम बुझाउन ठेकेदारलाई पत्राचार गरेको देखिएको भन्ने आधारमा सो दावी तर्फको आरोपदावी पुग्न नसक्ने ठहर गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न उक्त कागज प्रमाण मूल्यांकनको रोहमा त्रुटीपुर्ण भएकोले वदरभागी छ।<br>• प्रतिवादीहरुको वीचमा भएको उक्त ठेक्का सम्झौताको तपसिल खण्डको प्रकरण नं ५ बमोजिम जम्मा १९,९८२.७० घनमिटर मात्र नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी र वालुवा) सकंलन गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कैदको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रु.३७,३४,१९८।०६ को दोब्बर जरिवाना हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको । | बमोजिमको कसुर गरेको देखिन आएन । साथै थप परिमाणमा नदिजन्य पदार्थ उत्खननमा यी प्रतिवादीहरुको के कस्तो भूमिका रहेको भन्ने आरोप दावीमा नखुलेको र यी प्रतिवादीहरुले अनुगमन नगरेको भन्ने मात्र आधारमा दोषी ठहर गर्न मिल्ने नदेखिएकोले प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देल र किर्तिराज सुवेदीले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने । | सम्झौता भएको उक्त सम्झौतापत्रबाट देखिएको, सो स्थानमा थप बढी परिमाण १८,३१२.३० घन मिटर नदीजन्य पदार्थ एक्साभेटर मेसिनको प्रयोग गरी अवैध रुपमा उत्खनन् गरिएको भन्ने प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृत प्र ना उ कविन्द्र सि वोहरा, शा अ टिकाराम भण्डारी, प्र ज प्रविण न्यौपाने र ईन्जिनियर सविन कासुला समेतले पेश गरेको स्थलगत नापजाँच प्रतिवेदनबाट देखिएको र सो प्रतिवेदन बेहोरालाई प्रतिवेदकहरुले अदालतमा उपस्थित भई सो प्रतिवेदन बेहोरा पुष्टि हुने गरी वकपत्र गरेको देखिएको, उक्त नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी र वालुवा) सकंलन गर्ने सम्झौता कार्यमा प्रतिवादीहरु उक्त चन्द्रपुर नगरपालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल, लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदी समेतको संलग्नता रहेको उक्त सम्झौतापत्र समेतका कागजातबाट देखिएको, उक्त चाँदी नदीबाट नदीजन्य पदार्थ विक्री वितरण तथा पूर्वाधार कर उठाउन ठेक्का सम्बन्धमा के-कति ढुगा, गिट्टी, वालुवा उत्खनन् भए र के-कति संकलन भएको भने मलाई यकिन नभएको, मलाई प्रमुख प्रशासकिय अधिकृतज्यूबाट मौखिक रुपमा सदस्य सचिवको काम गर्नु भनि आदेश गरेपनि कुनै कार्य नगरेको भनि अनुसन्धानको क्रममा उक्त चन्द्रपुर नगरपालिकाका शाखा अधिकृत मिश्रीलाल साहले वयान गरेको तथा सोही बेहोराको ईन्जिनियर भरत प्रसाद श्रीवास्तव र सूचना प्रविधि अधिकृत राजेश सागरले वयान गरेको र निजहरुले अदालतमा उपस्थित भई सोही बेहोराको वकपत्र गरेको देखिएको, उक्त ठेक्का सम्झौतामा उल्लेखित परिमाण भन्दा वढी नदिजन्य पदार्थ उत्खनन् भएको देखिएकोमा उक्त ठेक्का सम्झौताका कार्यान्वयनका प्रमुख जिम्मेवार व्यक्तीहरु यीनै प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देल र किर्तिराज सुवेदी देखिएको समेतका आधार प्रमाणबाट उक्त नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी र वालुवा) सकंलन गर्ने सम्झौता कार्यमा प्रतिवादीहरु उक्त चन्द्रपुर नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल, लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदी समेतको संलग्नता रहेको देखिई उक्त बढी उत्खनन् गरिएको नदीजन्य पदार्थको हुने रु.३३,०४,६००।०५ र सो रकमको मूल्य अभिवृद्धि करको रु.४,२९,५९८।०७ गरी जम्मा रु.३७,३४,१९८।०६ नगरपालिकालाई प्राप्त हुने राजस्व हानि नोक्सानी पुर्याई राजस्व चुहावट गरी भ्रष्टाचार गरेको पुष्टी भएकोमा प्रतिवादीहरु उक्त चन्द्रपुर नगरपालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल, लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदीलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न उक्त कागज प्रमाण मूल्यांकनको रोहबाट त्रुटिपूर्ण भएकोले वदरभागी छ ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देल र किर्तिराज सुवेदीलाई आरोपदावी बमोजिमको कसूरवाट सफाई दिने ठहर गरी र प्रतिवादी राम विनोद राउत बरैको हकमा ठेक्का सम्झौता गर्दा दाखिल गर्नुपर्ने जम्मा रु.१७,६८,०००।- नगद तथा बैंक जमानत पेस नगरी राजस्व चुहावट गरेको भन्ने दाबी तर्फको दावी नपुग्ने ठहर गरी भएको फैसला सो हद सम्म त्रुटिपूर्ण देखिएकोले प्रस्तुत फैसला उपर पुनरावेदन गर्न। |